# उच्च सरकारी वकील कार्यालय

जुम्ला

पत्र संख्या :- २०८०/०८१
चलानी नं. :- १४८

मितिः- २०८०/०६/०७

विषयः- विवरण पठाउनु हुन ।

श्री जिल्ला सरकारी वकील कार्यालय, कालीकोट ।
श्री जिल्ला प्रहरी कार्यालय, कालीकोट ।

उपर्युक्त सम्बन्धमा हर्क बहादुर शाहीको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी गणेश सिंह समेत भएको कर्तव्य ज्यान मुद्दामा जिल्ला सरकारी वकील कार्यालयबाट मिति २०८०/०५/०३ गतेको पत्रसाथ प्राप्त पुनरावेदन नगर्ने प्रस्ताव सहितको मिसिल अध्ययन गरी हेर्दा, पीडित दल बहादुर शाहीको अदालत समक्ष भएको बकपत्रको स.ज. ७, ८ र १०, जाहेरवालाको स.ज. ७, ८ ,९ र १० समेतबाट पीडितका हकमा क्षतिपूर्तिको सवाल र निजको हालसम्म पनि रहे भएको शारीरिक अवस्थाले गम्भीर बनायो । त्यस्तो संवेदनशीलता सन्निहित रहेको मुद्दामा पीडितको उपचार खर्चको अवस्थालाई उपेक्षित गरिनुले सेवा प्रतिको विश्वास समेत टुट्ने गर्दछ र पीडितले थप पीडा महशुस गर्न पुग्दछ तसर्थ निजहरुबाट पेश भएका उपचार खर्चका बिल भरपाई मिसिलमा राख्न नसक्नु, दाबी गर्न नसक्नु के कुन आधार र कारण रह्यो उक्त सवाल पुनरावेदनको तहमा समेत उठ्ने नै हुन्छ तसर्थ आवश्यक समन्वय गरी उक्त बिलहरु छुट हुनु पछाडिका कारण के हुन, पीडितको हालको उपचार र उपचार खर्चको बिलको अवस्था के हो ? उपर्युक्त सवालहरु मध्यनजर गर्दै यथाशीघ्र यर्थात विवरण उपलब्ध गराउनु हुन अनुरोध गरिन्छ । साथै यस्ता प्रकृतिका सवालहरुमा गम्भीर हुन ध्यानाकर्षण समेत गराइन्छ ।

२०८०/६/06

(भिम प्रसाद भुर्तेल)
नि.सह-न्यायाधिवक्ता
नि.सहन्यायाधिवक्ता

"व्यावसायिक र सिर्जनशील प्रशासनः विकास, समृद्धि र सुशासन"
फोन/फ्याक्स :- ०८७-५२००१०
Email:- appelateattorneyjumla@gmail.com & hgao.jumla@ag.gov.np